रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**रामेछाप बजार, रामेछाप**
३ नं. प्रदेश
सुचना नं. ०४।२०७५।०७६
**प्रथम पटक प्रकाशित मिति :- २०७५/०८/०४**

# राशन खरिद सम्वन्धि कार्यको वोलपत्र आह्वानको सुचना

जिल्ला अस्पताल रामेछापमा २०७५ माघ १ गते देखि २०७६ पौष मसान्त सम्म भर्ना भै उपचार गराउने विरामीहरुको लागि राशन खरिद सम्वन्धि कार्य गर्नु पर्ने भएकोले यो वोलपत्रपत्र आव्हानको सार्वजनिक सूचना सम्बन्धित ईजाजत प्राप्त ब्यक्ति वा फर्म वा कम्पनी वा संस्थाहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**वोलपत्रसम्वन्धी शर्तहरु**

१. यो सूचना प्रकासित भएको मितिले १५औ दिन अर्थात २०७५ मार्ग १८ गते कार्यालय समय भित्र र सो दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट रु. १०००।- (एक हजार) दस्तुर बुझाई (पछि फिर्ता नहुने गरी) यस कार्यालय बाट खरिद गर्न सकिनेछ ।

२. ईच्छुक ब्यक्ति तथा फर्महरुले आ.व. २०७५/०७६ को लागि नवीकरण भएको ब्यक्ति वा फर्म वा कम्पनी वा संस्था दर्ताको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र र सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति संलग्न गरी रु. १०।- को टिकट टाँसी नगर कार्यपालिकाको कार्यालय रामेछापमा निवेदन (प्रोपाईटर स्वयं उपस्थित हुन नसकेमा निजको लिखित मन्जुरी नामा समेत) पेश गरी वोलपत्र खरिद गर्नु पर्नेछ ।

३. शिलवन्दी वोलपत्र २०७५ मार्ग १९ गते दिनको १२:०० बजे भित्र नगर कार्यपालिकाको कार्यालय रामेछापमा दर्ता गराई सक्नु पर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोहि समय भित्र दर्ता गराउनु पर्नेछ ।

४. शिलवन्दी वोलपत्र दाखिला गर्दा ब्यक्ति वा फर्म वा कम्पनी वा संस्थाले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, सो कार्यमा आफ्नो स्वार्थ नबाझिएको, व्यवसाय सम्वन्धि पेशा वा व्यवसायको कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषण-पत्र वोलपत्र सम्बन्धी कागजातसंग सिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

५. नियमानुसार बिक्री भई दर्ता हुन आएका वोलपत्रहरु दाखिला गर्दा रु २००००।(अक्षरेपी रु बिस हजार मात्र ) रामेछाप नगरपालिकाको राष्ट्रिय बाणिज्य बैक मन्थलीमा रहेको धरौटी खाता हि.नं. १६८०३०३००७१०६ मा नगद जम्मा गरेको सक्कलै भौचर वा सो बराबरको रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त नेपाल भित्रको बाणिज्य बैंकले जारी गरेको कम्तिमा चार महिना ( एक सय विस ) दिन ( दाखिला गर्ने अन्तिम दिन देखि) को मान्य अवधी भएको शर्त रहित बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ र राशन खरीद कार्यको लागी कुल लागत रु ८,००,०००। रहेको छ ।

६. दर्ता भएका सिलबन्दी वोलपत्र दर्ता गर्ने म्यादको अन्तिम दिन मिति २०७५ मार्ग १९ गते दिउसो २:०० बजे कार्यालयका प्रतिनिधिहरु र वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिनेछ । वोलपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

७. शिलवन्दी वोलपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर बाहेकको दर पेश गर्नु पर्नेछ । दररेट लेख्दा अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको लाई मान्यता दिईने छ ।

८. अन्य थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालयमा वा फोन नं. ०४८-४०००१२ मा सम्पर्क गरी बुझ्न सकिनेछ

९. रित नपुगेको वोलपत्र उपर कुनै कारवाही गरिने छैन । वोलपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने र खरिद कार्य रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहेको छ ।

१०. अस्पतालमा भर्ना भै उपचार गराउने विरामीको अनुमान गर्न नसकिने हुदा एकाई दररेट मात्र पेश गर्नु पर्ने छ ।

११. राशनको छुट्टाछुट्टै प्याकेट वनाई नमुना पेश गर्नु पर्नेछ ।

१२. शिलवन्दी वोलपत्र फारमको सवै पानामा वोलपत्र दाताको दस्तखत र छाप लागेको हुनु पर्नेछ ।

१६. वोलपत्र जुन फर्मले खरिद गरेको हो सोही फर्मले भरि शिलवन्दी गरि पेश गर्नु पर्नेछ ।

१७. यस सूचनामा नपरेका अन्य कुराहरुको हकमा वोलपत्र सम्बन्धी कागजातहरु, सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ र प्रचलित ऐननियम अनुसार हुनेछ ।